# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ चावि.नपा वैशाख ११ गते २०७५ साल (संख्या १५)


नगर कार्यपालिकाको मिति २०७४ चैत्र ३० गते स्वीकृत भएको देहाय बँमोजिमको ऐन स्थानीय सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

## भाग १

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नाम "चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून





बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले

बाबुराम नेपाली

निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७४/१२/३०